निर्णयहरू:

१. यस जिल्लास्थित देहायका स्थानीय तहहरुमा मनसुनजन्य विपद्का कारणले निजी आवास क्षति भएका लाभग्राहीहरुका लागि "विपद् प्रभावित निजी आवास प्रवलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि", २०८१ को दफा १२ मुताबिक जिल्ला विपद् व्यवस्थापन कोषबाट निकासा गरिएको देहाय अनुसारको रकम अनुमोदन गर्ने।

| सि. नं. | लाभग्राही संख्या | लाभग्राही कायम भएको स्थानीय तह | प्राप्त लागत सहभागिताको रकम | जम्मा निकासा रकम | कै. |
|---|---|---|---|---|---|
| १. | ७१ | बारेकोट गाउँपालिका | संघ(६०%)- रु. ८५,२०,०००/-<br>प्रदेश(३०%)- रु. ४२,६०,०००/-<br>स्थानीय तह(१०%)- रु. १४,२०,०००/- | रु. १,४२,००,०००/- | दोश्रो किस्ताको रकम |
| २. | १ | भेरी नगरपालिका | संघ(५०%)- रु. २५,०००<br>स्थानीय तह(२०%)- रु. १०,०००/- | रु ३५,००० | पहिलो किस्तको रकम |
| जम्मा निकासा भएको रकम | | | | रु १,४२,३५,०००/- | |

२. यस जिल्लास्थित देहायका स्थानीय तहहरुमा भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट मिति २०८१।११।२१ मा निकासा भएकोमा उक्त रकम अनुमोदन गर्ने।

| सि नं | स्थानीय तह | निकासा भएको रकम | कैफियत |
|---|---|---|---|
| १. | कुशे गाउँपालिका | रु ७,५०,००,०००/- | |
| २. | शिवालय गाउँपालिका | रु १,००,०००/- | |
| ३. | भेरी नगरपालिका | रु ५,४६,००,०००/- | |
| जम्मा निकासा भएको रकम | | रु १२,९७,००,०००/- | |

३. शिवालय गाउँपालिका, गाउँ कार्यपालिकाको च.नं. १४६९, मिति २०८२/०१/२५ गतेको पत्रबाट भुकम्प प्रभावितहरूको दोस्रो किस्ताको लागि माग भई आएको रू ३२,००,००० (अक्षेरुपी बत्तिस लाख) रकम जिल्ला विपद व्यवस्थापन कोषबाट निकासा गर्ने ।

४. मनसुनजन्य विपदबाट प्रभावित ७३ लाभग्राहीहरूका लागि तेस्रो किस्ता बापतको रकम जिल्ला विपद व्यवस्थापन कोषको मौज्दात रकमबाट निकासा गरी प्रदेश सरकारको दायित्व अन्तर्गत अपुग हुने रकम कर्णाली प्रदेश सरकारसँग माग गर्ने ।

भेख बहादुर भण्डारी
प्रमुख जिल्ला अधिकारी

५. जिल्ला प्रशासन कार्यालय जाजरकोटको च.न. २३३३, मिति २०८२/०१/१९ गतेको पत्रबाट अस्थायी आवास अनुदानको दोस्रो किस्ताको अपुग रकम माग गर्ने सम्बन्धमा जिल्लास्थित सबै पालिकामा पत्राचार गरिएकोमा रकम अपुग भएका केही पालिकाहरुबाट अपुग हुने रकम खुलाई माग भई आएकोले माग भई आएको रकम, जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको मौज्दात रकम, प्रथम किस्ता प्राप्त गरेका लाभग्राही संख्या र दोस्रो किस्ताका लागि विपद् पोर्टलमा इन्ट्रि भएको लाभग्राही संख्याको आधारमा लगभग रू १२,००,००,००० (बाह्र करोड) रकम अपुग हुने देखिएकोले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा माग गरी पठाउने ।

६. मनसुनजन्य विपदबाट हुनसक्ने बाढी पहिरो लगायतका विपद्जन्य घटनालाई न्यूनीकरण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने रबर बोट/मोटर बोट लगायत सबै प्रकारको विपद् न्युनिकरणमा प्रयोग हुने अत्यावश्यक सामाग्रीहरू सुरक्षा निकायसँग समन्वय गरी कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणसँग माग गर्ने ।

७. वर्षायाममा बाढी, पहिरोबाट सडक अवरूद्ध भई सवारी आवागमनमा समस्या उत्पन्न हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी स्थानीय तह, भेरी करिडोर, पूर्वाधार विकास कार्यालय, सडक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यालय र यस जिल्लामा कार्यक्षेत्र भई रुकुम पश्चिम चौरजहारीमा कार्यालय रहेको सडक डिभिजन कार्यालयहरूले आफूसँग सम्बन्धित सडकहरू चौबिसै घण्टा सुचारू हुन सक्ने गरी मर्मत सम्भार गर्ने ।

८. भेरी करिडोर र जाजरकोट-छिन्चु सडक खण्ड बाढी पहिरोका कारण अवरूद्ध हुनसक्ने भएकोले बढी प्रभावित हुने स्थान र आसपासको स्थानमा चालकको नम्बर सहितको स्काभेटरको व्यवस्था गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालय जाजरकोटमा पठाउने व्यवस्था मिलाउन सडक डिभिजन कार्यालय, चौरजहारीलाई लेखी पठाउने ।

९. जिल्लास्थित सबै स्थानीय तहहरू, सुरक्षा निकायहरू र संघीय तथा प्रादेशिक कार्यालयहरूले आफ्नो कार्यालयमा भएको जनशक्ति र स्रोत साधन विपद्को समयमा पूर्ण रूपमा परिचालन गर्न सकिने गरी तयारी हालतमा राख्ने ।

१०. शिवालय गाउँपालिकाको छेडा – कचाली सडक अन्तरगत डुङ्ग्रा खोला र नेपा खोलामा यातायात आवत जावतको लागि ट्रष्ट ब्रिज निर्माण गर्न नेपाल सरकार र कर्णाली प्रदेश सरकारको विषयगत मन्त्रालयमा अनुरोध गर्ने ।

११. वि.स. २०८० सालको जाजरकोट भुकम्प र त्यसपछिको लगातारको पराकम्पबाट यस जिल्लाको अधिकांश स्थानीय तहका वस्तीहरू पहिरोको जोखिममा रहेको र जल तथा मौसम विभागको यस वर्षको मनसुन पूर्वानुमान अनुसार गत वर्षभन्दा बढी पानी पर्ने पूर्वानुमान रहेको हुँदा जोखिमयुक्त स्थानका वस्तीहरू आवश्यकता अनुसार सुरक्षित स्थानमा स्थानान्तरण गरी खाद्यान्न लगायतको आवश्यक व्यवस्था मिलाउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

१२. वर्षायाममा हुनसक्ने Dengue संक्रमण, पछिल्लो समयमा भारत र नेपालमा समेत Corona संक्रमण फैलिरहेको समाचारहरू आइरहेकोले सो रोक्न पूर्वतयारी तथा सचेतनाका कार्यहरू सञ्चालन गर्ने र विपद् पश्चात उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटले स्थानीय तहसँग समन्वय गरी रोकथाम तथा न्यूनिकरण गर्ने व्यवस्था मिलाउने ।

१३. कृषि पशु चौपाय लगायत पूर्वाधारका क्षेत्रमा हुनसक्ने क्षतिको विवरण तत् तत् कार्यालयले संकलन गरी आवश्यक सहयोग तथा राहतको व्यवस्था मिलाउने ।

१४. यस वर्षको मनसुनजन्य विपदबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण र व्यवस्थापन गर्न मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ अद्यावधिक गर्ने ।

१५. DEOC र LEOC बीचको विपद् लगायत सबै किसिमका सूचनाको दोहोरो प्रवाह र समन्वय कायम गराउने ।

१६. जाजरकोट जिल्लाका अधिकांश स्थानीय तहका वस्तीहरु पहिरोको उच्च जोखिममा रहेको भनी यसअघि विभिन्न संस्थाहरूबाट अध्ययन भएकोले ती प्रतिवेदनहरूले औंल्याएका पहिरो रोकथामका उपायहरू कार्यान्वयन गर्न राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने ।

१७. विपद् प्रभावित निजी आवास, प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थार्पना अनुदान कार्यविधि, २०८१ बमोजिम विपदजन्य घटनाका लाभग्राहीहरूलाई काठ, ढुंगा, गिटी, बालुवाजस्ता स्थानीय निर्माणका सामाग्रीहरू सहुलियत रुपमा उपलब्ध

भेख बहादुर मगराती
प्रमुख जिल्ला अधिकारी

गराउने विषयमा भएका प्रावधानहरू स्थानीय तह र विषयगत कार्यालयहरूले सहज रूपमा लाभग्राहीमैत्री हिसावले कार्यान्वयन गर्ने ।

१८. विपद् पोर्टलमा Entry नभएका लाभग्राहीहरूको DDA हुन नसकेको भनी भुकम्प पीडित नागरिकहरूले स्थानीय तहसमक्ष बारम्बार गुनासो गरिरहेको हुँदा भुकम्पबाट प्रभावित भएका तर विविध कारणले विपद् पोर्टलमा Entry हुन नसकेका व्यक्तिहरूको DDA गरिदिने व्यवस्थाको लागि राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने ।

१९. विद्युत आपूर्तिलाई सहज गर्न छेडागाड नगरपालिकाको थलहमा NO Light Service स्थापना गर्न विद्युत प्राधिकरण जाजरकोट वितरण केन्द्रलाई अनुरोध गर्ने ।

२०. वर्षाको समयमा विद्युत, खानेपानी, इन्टरनेट तथा टेलिफोनमा समस्या आउन नदिने व्यवस्था तत् तत् निकायले मिलाउने ।

२१. वर्षामा खानेपानीको मुहान फोहोर भई तथा खानेपानीको पाइपहरु फुटी संक्रमण फैलिन सक्ने सम्भावनालाई मध्यनजर गरी जाजरकोट खलंगा सहलगानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति‌ले निगरानी बढाई स्वच्छ तथा सफा खानेपानी वितरण गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जाजरकोट

२०८२।०२।१४

भेख बहादुर मगराती
प्रमुख जिल्ला अधिकारी